# १ दाऊदको पुत्र १३

*यस अध्यायका मूल पदहरू:* मत्ती १, मर्कूस १२:३५-३७, यशैया ९:६,७, रोमी ५:८, यूहन्ना २:२५, यर्मिया २९:१३, मत्ती २:१-१४।

*यस अध्यायको सम्झनुपर्ने मूल सार पद:* "उहाँका जनहरूको पापबाट उहाँले तिनीहरूलाई उद्धार गर्नुहुनेछ।" (मत्ती १:२१ रूपान्तरित)।

पवित्र आत्माबाट प्रेरणा पाएर मत्तीले येशूको जीवनी उहाँको परिवारको इतिहासबाट सुरू गर्छन्। उहाँको परिवारको इतिहास अरू कुनैको जस्तो छैन। तर येशू ख्रीष्टकोमात्र उहाँको परिवारको इतिहास वा वंशलाई छुट्याएर मत्तीले येशूको जीवनकहानी सुरू गर्छन्। रोचक कुरो त के छ भने येशूको पूर्व बंशहरूमा त्यस्ता मानिसहरूका नाउँ पनि थिए जुन् कि कतिलाई गौरब मान्नु पर्ने स्थिति थिएन।

मत्ती आफै येशूको बंशबाट बाहिर भएका हुनाले नै उनले खुलमखुलारूपमा येशूको बारेमा लेख्न सकेका थिए। मत्ती यहूदीहरूको कर लिने कर्मचारी थिए। शत्रुदेश रोमको निम्ति आफूलाई बेचेका थिए। आफ्नै जनहरूको कर लिने कामको अवसर पाउन बिदेशी रोमी सरकारलाई पैसा दिएर कर्मचारी बन्न पुगेका थिए। त्यसकारण यहूदीहरूले उनलाई मनपराउँदैन थिए।

मानिसहरूबाट तिरस्कृत भएतापनि मानिसहरूको हृदय जान्ने परमेश्वरले उनको प्रतिभालाई चिन्नुभएको थियो। उनकै हृदयलाई जानेर नै परमेश्वरले यहूदीहरूबाट घृणित काम गर्ने कर उठाउने कर्मचारीलाई आफ्ना चेलाहरूमध्येबाट एक बनाउन प्रभु येशूले चुन्नु भएको थियो। जब येशूले बोलाउनुभयो तब नहिचकिचाइ उहाँको आह्वानलाई स्वीकारे र कर लिने काम छोडेर येशूमा उनले नयाँ जीवन पाए।

त्यसकारण मत्ती प्रभुको पछि लागे, उनले येशूको बारेमा लेखा राखे। त्यसैकारण यहूदी जन र संसारलाई येशूको बारेमा जानकारी दिन सक्षम् भए । उनले लेखेको लेखामा करको पूर्जी थिएन तर येशूको अत्यन्त गरिमामय र अमूल्यको जीवन कहानी थियो।

## १. उत्पत्तिको पुस्तक (हिब्रू १:१-३)

यो "येशू ख्रीष्टको वंश वा पूर्खाको वंशावली हो। उहाँ दाउदको पुत्र, अब्राहमको पुत्र" (मत्ती १:१ रूपान्तरित)।

सुरूदेखि नै मत्तीले आफ्नो लेखलाई "पुस्तक" भनेर सम्बोधन गर्छन्। पुस्तक अर्थात् अङ्ग्रेजीमा बुक (book) भन्ने शब्द ग्रीक वा युनानी शब्द बिबलियो (biblio)बाट आएको हो। त्यसको अर्थ "पवित्र लेखहरू" हुनसक्छन्। मत्तीको सुसमाचारको पुस्तक येशूको पारिवारिक इतिहास वा वंशावली हो। ग्रीक शब्द "बंशावली" वा "पूर्खा" भन्ने शब्द "जेनेसिस (genesis) वा उत्पत्ति भनेर पनि अनुवाद गर्न सकिन्छ। त्यसको अर्थ मत्तीले आफ्नो सुसमाचारको पुस्तक "उत्पत्तिको पुस्तकबाट सुरू" गरेका थिए भने पनि हुन्छ।

पुरानो करार आफै नै संसारको सृष्टिको इतिहासबाट सुरू भएको थियो। त्यसकारण नयाँ करार मत्तीले पनि आफ्नो पुस्तक सृष्टिकर्ता र यस संसारमा मुक्ति ल्याउन उहाँले गर्नुभएको कामबाट सुरू गर्दछन्।

हेर्नुहोस्ः यूहन्ना १:१-३ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।", हिब्रू १:१-३ "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।", मीका ५:२ "२ "तर ए बेथलेहेम एप्राता, तिमी यहूदाका कुलहरूमध्ये सानो भए तापनि तिमीबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ।" र मर्कूस १२:३५-३७ "३५ अनि मन्दिरमा सिकाउनुहुँदा येशूले भन्नुभयो, "कसरी ख्रीष्ट दाऊदका पुत्र हुन् भनी व्यवस्थाका शास्त्रीहरू भन्दछन्? ३६ किनकि दाऊद आफैले पवित्र आत्माद्वारा

भनेका छन्, परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, 'तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ।' ३७ जब दाऊद आफैले उनलाई 'प्रभु' भन्दछन्, त कहाँबाट उनि तिनका पुत्र भए?" अनि त्यहाँको ठूलो भीड़ले उहाँको वचन खुशीसाथ सुन्यो।"

**"अनन्त कालदेखि नै प्रभु येशू ख्रीष्ट परमेश्वर पितासँग एक हुनुहुन्थ्यो। उहाँ 'परमेश्वरको रूप हुनुहुन्थ्यो', उहाँ उहाँको महानता र यश तथा राजकिय गौरबको रूप र 'उहाँमा महान् पराक्रम, सौन्दर्यको उत्कृष्ट चमक थियो।**

**"हामीकहाँ आएर हामीसँग रहनुहुँदा उहाँले परमेश्वर कस्तो हुनुहुन्थ्यो भनेर स्वर्गदूतहरू र मानिसहरूलाई देखाउनु थियो। उहाँ वचन हुनुहुन्थ्यो- परमेश्वरको सोच मानिसहरूलाई प्रत्यक्ष्य रूपमा देखाउन आउनुभएको थियो।"- एलेन जी ह्वाइट, द डिजाएर अब एजेज्, पृ. १९बाट रूपान्तरित।**

**हुन त येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनेर गरिएको प्रस्तुती यूहन्नालाई जस्तो (यूहन्ना १:१-४) मत्तीको निम्ति त्यस्तो चासोको विषय थिएन। येशूको मानविय पक्षलाई अङ्गालेर लेख्नुभन्दा अगाडि यूहन्नाले येशू परमेश्वर हुनुहुन्छ भनेर ठोकुवा गर्दै आफ्नो सुसमाचारको पुस्तक सुरू गरेका थिए (यूहन्ना १:१४)। तर मत्तीले येशूको मानवतालाई लक्ष्य गरेर लेख्दछन् र भन्दछन् कि ख्रीष्ट "दाउदको पुत्र, अब्राहमको पुत्र।" अनि अब्राहमदेखि सुरू गरेर येशूको जन्मसम्मका पुस्ताहरूलाई औंल्याउँछन्। पुरानो करार अर्थात् येशू आउनुभन्दा अगाडि लेखिएको धर्मशास्त्र बाइबलमा उल्लेखित उद्धारकर्ता वा मसीहको भविष्यवाणी पूरा गर्न आउनुहुने नासरथका येशू नै मसीह हुनुहुन्छ भनेर आफ्ना पाठकहरूलाई मत्तीले ठोकुवासाथ देखाउन चाहेका थिए।**

निसन्देह, पुर्खौली परिवारको इतिहास जान्नु महत्त्वपूर्ण छ। फेरि त्यसैवखत मुक्तिको इतिहासमा हामीहरूको बाबुआमा वा बाजेबज्यै को हो भन्नुसँग सरोकार छैन भनेर सुसमाचारको पुस्तकले देखाएको पाइन्छ। तर मुक्तिको निम्ति हामीहरूको पूर्खा वा हामी को हौंसँग सरोकार छैन भने केसँग सरोकार छ त? हेर्नुहोस् गलाती ३:२९ "यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"

## २. शाही खान्दान (२ शमूएल ७:१६,१७)

**मसीह अर्थात् उद्धारकर्ताको आगमनको बारेमा यहूदीहरूले जे सोचेतापनि समग्ररूपमा सोच्ने एउटा विषयसँग कोही पनि बाझिएको हुँदैन। त्यो हो मसीह राजा दाउदको खान्दानबाट नै आउनुपर्छ। (अहिले पनि येशूको अस्तित्वलाई स्वीकार गर्न नचाहने धेरै धार्मिक यहूदीहरूले मसीह राजा दाउदको खान्दानबाट नै आउनुपर्छ भनेर विश्वास गरिरहेका छन्)। त्यसैलाई मध्यनजर राखेर नै मत्तीले आफ्नो सुसमाचारको पुस्तक राजा दाउदको नाउँ सुरूदेखि उल्लेख गरेका थिए। येशू ख्रीष्ट नै आउनुहुने मसीह हुनुहुन्छ भनेर उनले देखाउन चाहेका थिए। मसीह अब्राहमको बंशबाट आउनुपर्थ्यो (उत्पत्ति २२:१८, गलाती ३:१६), जो यहूदी राष्ट्रका पितापूर्खा थिए। राजा दाउदको नाउँ उल्लेख गर्दा येशू दाउदका घरानाबाट आउनुभएको हो भनेर मत्तीले जिकिर गर्दछन्। येशूको पारिवारिक इतिहास उल्लेख गरेर उहाँ अब्राहमको सन्तानबाट सिधै आउनुभएको थियो भनेर मत्तीले स्पष्ट पार्दछन्। राजा दाउदको घरानाबाट पनि येशू आउनुभएको थियो भनेर मत्तीले देखाउँदछन्। मत्तीले आफ्नो सुसमचारको पुस्तक लेख्दा यहूदी पाठकवर्गहरूलाई नै लक्षित गरेर लेखेका हुन् भनेर बाइबलका धेरै चिन्तकहरूले विश्वास गरेको पाइन्छ। त्यसको फलस्वरुप मत्तीले येशूलाई मसीह नै हुनुहुन्छ भनेर आधिकारिक रूपमा प्रमाणित गर्न चाहेका थिए। त्यसैकारण येशूको पारिवारिक पृष्टभूमिलाई वर्णन गरेर आफ्नो विषय प्रमाणित गर्न सहयोग मिलेको मत्ती चाहन्छन्।**

येशू नै यहूदीहरूले अपेक्षा गरेका मसीह तथा उद्धारकर्ता हुनुहन्छ भनेर प्रमाणित गर्न खोजेको विषयलाई देहायका केही पदहरूले कसरी पुष्टि गर्दछन्? हेर्नुहोस्: २ शमूएल ७:१६,१७ "

१६ तिम्रो घराना र तिम्रो राज्य मेरो सामुन्ने सधैंभरि रहिरहनेछ, र तिम्रो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ’।”, यशैया ९:६, ७ " ६ किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। ७ उहाँको शासन र शान्तिका वृद्धिको अन्त कहिल्यै हुनेछैन। दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ। सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ।",

यशैया ११:१-३ "१ यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ। २ परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ– बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा ३ अनि परमप्रभुको भयमा नै उहाँ प्रसन्न हुनुहुनेछ। आँखाले देखेर उहाँले इन्साफ गर्नुहुनेछैन, र कानले सुनेर मात्र निर्णय गर्नुहुनेछैन।" र प्रेरित २:२९,३० "२९ "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनि मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। ३० यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ।"

२९ "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनि मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। ३० यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ।"

**माथिका पदहरूले हामीहरूलाई यो जनाकारी दिँदछन् कि मत्तीले आफ्नो सुसमाचारको पुस्तक किन यसरी सुरू गरेः "यो येशू ख्रीष्टको बंश हो...जो दाउदका पुत्र थिए।" (मत्ती १:१ रूपान्तरित)। सबभन्दा सुरू र अग्रपन्थीमा नै येशू ख्रीष्ट "दाउदका पुत्र" भनेर मत्तीले व्याख्या गर्दछन्। येशू आफैले पनि आफ्नो चिनारी यी शब्दहरूद्वारा दिनुहुन्छः "१६ "म येशूले आफ्ना दूतलाई तिमीकहाँ मण्डलीहरूका निम्ति यो गवाही दिन पठाएको छु। दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ।" (प्रकाश २२:१६)। येशू आफू को हुनुभएको थियो भनेर समस्त रूपमा देखाउनुभएपछि पनि उहाँ आफू "दाउदका मूल र पुत्र" भनेर गौरब गरेर देखाउनुभएकोमा उहाँको मानव स्वरुपको सराहना नै गर्नुपर्छ। हो, येशूको मानव स्वभावको गवाही कस्तो अचम्मको छ! हामीले कल्पना नै गर्न नसिकिने गरेर हामीहरूको सृष्टिकर्ता परमेश्वर हामीसँग संलघ्न हुन मानव अवतार लिनुभयो!**

## ३. येशूको सुरूको अरू बंशावली (मत्ती १:२,३)

येशूको पारिवारिक पृष्ठभूमिमा राजा दाउदभन्दा अगाडि को को थिए? हेर्नुहोस् तिनीहरूका केही नामहरूः मत्ती १:२,३ "२ अब्राहाम इसहाकका पिता

थिए। इसहाक याकूबका पिता थिए, याकूब यहूदा र तिनका दाजुभाइहरूका पिता, ३ यहूदा फारेस र जाहेरका पिता थिए। तिनीहरूकी आमा तामार थिइन्। फारेस हेस्रोनका पिता, हेस्रोन आरामका पिता, "

तत्कालिन संसारमा जब पारिवारिक इतिहास कोर्दथे त्यसबेला महिलाहरूको नाउँ प्रायजसो उल्लेख गरिएको हुन्दैनथ्यो। तर मत्तीले तामारकी नाउँ किन उल्लेख गरे? उनि को थिए जसले गर्दा मत्तीले उनको नाउँ लेख्न उचित देखे?

तामार यहूदी जातिकी थिइनन् तर कनानी अर्थात् मूर्तिपूजक जातिकी थिइन्। उनले याकूबका छोरा यहूदाका दुई छोराहरूसँग बिबाह गरेकी थिइन। पहिला त उनले यहूदाको जेठो छोरोसँग बिवाह गरिन्। जब त्यो जेठो छोरो मरे तब त्यसबेलाको चलन अनुसार उसको कान्छो भाईसँग तामारले बिबाह गरिन्। दुबै ती दाजुभाईहरू तिनीहरूको दुष्टताले गर्दा तिनीहरूको अकालमै मृत्युभयो। तर दुवैले तामारलाई बाँझी छोडेका थिए। उनले दुवै दाजुभाईहरूबाट तत्काल कुनै छोराछोरी जन्माउन पाइनन्। उनको ससुरा यहूदाले तामारलाई यो वचन दिएका थिए कि जब तेस्रो छोरो हुर्किन्छ र ठूलो हुन्छ त्यसलाई तामारले बिवाह गर्न पाउनेछिन्। तर यहूदाले आफ्नो वचनलाई पालन गरेनन्।

बिबाहित स्त्रीले आफ्नो श्रीमानको वंशबाट छोराछोरी जन्माउन वाध्य भएको समाजमा तामारले के गर्ने त? एक रातमा उनि पछ्यौराले छोपेर वेश्याहरू हुने ठाउँमा बसिन् र उनको ससुरा यहूदालाई फसाएर उनबाट पेट बोकिन्। तर यो कुरा यहूदालाई पतक्कै थाहा थिएन। केही महिनापछि जब तामारले पेट बोकेको थाहा भयो तब "ए मेरी बुहारी त बेश्या पो भइन्। उनको दुष्टताले गर्दा उनलाई ढुङ्गाले हानेर मार्नुपर्छ" भनेर त्यसबेलाको चलन अनुसार यहूदाले निर्णय गरे। तर चलाक तामारले आफ्नो ससुरासँग सुत्दा उनबाट औंठी र लौरो लिएकी थिइन्। जब समाजको अगाडि उनलाई ढुङ्गाले हानेर मार्न उभ्याइयो तब उनले ती बस्तुहरूलाई देखाइदिइन्। तब यहूदाको आफू धर्मी हुँ भन्ने भावना छताछुल्ल भयो र तामारलाई मार्ने योजना त्यहीं तुहियो। (यो कथा उत्पत्ति ३८ अध्यायमा पाइन्छ)।

झट्ट हेर्दा यो कथा त टेलिभिजनमा आउने हास्य श्रृंखला (सिरिज) जस्तो देखिन्छ। तर त्यो येशूको पूर्खाको इतिहासको एक पाना त पक्कै थियो।

येशूको पूर्वजमा अरू को को पनि थिए जो हाम्रो लागि अचम्म हुनसक्छ? हेर्नुहोस् मत्ती १:४,५ "४ आराम अम्मीनादाबका पिता,

अम्मीनादाब नहशोनका पिता, नहशोन सल्मोनका पिता, ५ सल्मोन बोअजका पिता थिए। तिनकी आमा राहाब थिइन्। बोअज ओबेदका पिता थिए। तिनकी आमा रूथ थिइन्। ओबेद यिशैका पिता,"

**फेरि राहब कनानी अर्थात् यहूदी जातका नभएर मूर्तीपूजक जातकी थिइन्। त्यो पनि बेश्या जसले इस्राएली जासुसहरूलाई सुरक्षा दिएकी थिइन्। राहब परमेश्वरका जनहरूसँग मिलिन् र बिबाह गरिन्। उनको नाउँ पनि येशूको पूर्खाको इतिहासमा तोकेरै मत्तीले लेखे।**

अनि मत्ती १:५को साथै ६मा अर्को को थिए? हेर्नुहोस् "६ यिशै दाऊद राजाका पिता थिए। दाऊद सोलोमनका पिता थिए। तिनकी आमा उरियाहकी पत्नी थिइन्।"

**रूथ शुद्ध र असल चरित्रकी थिइन्। उनको कुनै आफ्नो दोष थिएन तै पनि इस्राएलीहरूले घृणा गरेका जाति मोआबबाट उनि आएकी थिइन्। मोआब जाति लोतबाट आएका थिए। उनका छोरीहरूमध्ये एकले उनलाई रक्सीले लठ्ठ पारेर आफूसँग सुताएर आफ्नै बाबुसँग यौन सम्पर्क गरेर बच्चा पाएकी थिइन्।**

**अनि गैर यहूदी जाति हित्तीको युरिहाकी पत्नी बेथशिबा जसलाई राजा दाउदले आफ्नो स्वार्थ पूरा गर्न दरबारमा बोलाएर यौनक्रिडा गरेका थिए। त्यो लक्ष्य पूरा गर्न राजा दाउदले युरिहालाई युद्ध मैदानमा मारिन खटाएका थिए। राजा दाउद पनि पापी नै थिए जसको निम्ति मुक्तिदाताको आवश्यक थियो। दाउदसँग धेरै प्रतिभाहरू थिए तर उनि असल पती र असल बाबु हुनबाट धेरै चुकेका थिए।**

यदि परमेश्वरले हामीहरूको कमजोर र अवगुणहरूको बाबजुदपनि हामीहरूलाई माया गर्नहुन्छ र ग्रहण गर्नुहुन्छ भने हामीहरूले पनि अरूहरूको कमी कमजोरी र अवगुणहरूप्रति आँखा चिम्लेर तिनीहरूलाई स्वीकार गर्ने वा माया गर्न कसरी सिक्ने?

## ४. जब हामी पापी छँदै (रोमी ३:९,१०)

मानिसले जतिसुकै अरूभन्दा आफू असल छु वा धर्मात्मा छु भनेर दावी गरेतापनि बाइबलले मानिसको असली स्वभावलाई कसरी पर्दाफास गरेको छ भनेर देहायका केही पदहरूले जनाउँछन्। ती पदहरूमा व्यक्त गरेका भावनाहरूले हामीहरूको असल चरित्रलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन। हेर्नुहोस्: रोमी ३:९,१० "९ उसो भए के हामी यहूदीहरू अझ असल

छौं त? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु। १० जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन।", रोमी ५:८ "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।", यूहन्ना २:२५ "किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो। उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो।" र यर्मिया १७:९ "मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिंदैन। त्यसलाई कसले जान्न सक्छ र?"

**मानव स्वभाव तथा चरित्रलाई बाइबलले सकारात्मक तथा रमाइलोरूपमा चित्रण गरेको पाइन्दैन। अदनको बगैंचामा मानिसको पतन भएदेखि (उत्पत्ति ३) बेबिलोनको पतन अर्थात् संसारको इतिहासको अन्तिम घडीसम्म (प्रकाश १८) मानिसको अवस्था दिक्क लाग्दो भएको र भइरहने सबैले सजिलैसँग देख्न सकिन्छ। त्यसरी नै धेरै मानिसहरू चर्च छोडेको समय (२ थेस्सोलिनिकी २:३) भन्दा पहिले चर्चको चित्रण अत्यन्त असल, आत्मिकी तथा उच्च तहमा पुगेको हामी सोच्न चाहन्छौं। तर त्यो सोच गल्ती हो (१ कोरन्थी ५:१)। हामी सबै पतित छौं, हामी टुक्रिएका मानिसहरू हौं। ती अवस्थामा येशू आफै निस्कनुभएको पूर्खौली परिवार पनि थियो।**

**बाइबलका विद्वान माइकल विलकिनसले लेख्दछन्: "येशूको पूर्खाको सही चित्रण गर्दा मत्तीका पाठकहरूको दिमाग खल्बलिन पुगेको वा धक्का भएको हुनुपर्छ। येशूका विगतका परिवारका सबै सदस्यहरूमा मानव कमजोरी र बलहरू थिए। तिनीहरू दैनिक जीवनमा लागेका साधारण मानिसहरू नै थिए। मुक्तिको योजना कार्यान्वन गर्न परमेश्वरले तिनीहरूबाट काम गर्नुभएको थियो। येशूको वंशमा कुनै आदर्शपना, धर्मात्मापना, साधुपना वा सिद्धपना थिएन। तिनीहरूमा परस्त्री वा परपुरूषगमन, बेस्याहरू, बीर पुरुष तथा नारीहरू र अन्य जाति अर्थात् गैर-यहूदीहरू थिए। दुष्ट रेहोबाम दुष्ट आवियाका पिता थिए भने त्यस दुष्ट राजा आवियाका छोरा असल राजा आसा थिए। आसा असल राजा यहोशाफातको पिता थिए। फेरि यहोशाफात दुष्ट योरामका पिता थिए। आफ्नो उद्देष्य पूरा गर्न परमेश्वरले दुवै असल र खराब मानिसहरूद्वारा काम गर्नुभएको थियो। मुक्तिको योजना सफल पार्न परमेश्वरले असल होस् वा खराब होस् जो कोहीलाई पनि प्रयोग गर्न सक्नुहुन्छ भनेर मत्तीले देखाउन चाहेका थिए। त्यस्ता**

मानव कमजोरीहरूले सजिएका मानिसहरूलाई बचाउन येशू आउनुभएको थियो।" जोन्डरभन इलस्ट्रेटेड बाइबल बाकग्राउण्ड कमेन्टरीः मत्ती (ग्राण्ड रापिडस्ः जोन्डारभन, २००२), पृ२बाट रूपान्तरित।

येशूका पूर्खाको बारेमा वर्णन गरेका उक्त चरित्रहरूलाई हामीले सम्झिनुपर्छ। अरूलाई औंल्याउनमात्र होइन हामीहरू आफैलाई पनि हेर्न जान्नुपर्छ। इसाई जीवनमा हिँड्दा निराश नहुने, आफूले गरेको आस्था तथा भरोसाप्रति ढलमल नहुने, येशूमा साँच्चै परिवर्तित जीवन बिताएर चलेको छ कि छैन भनेर नसोच्ने इसाई को होला? प्रायजसो हामीहरूको पतित स्वभावले हामीलाई निराश पार्दछ, हामीहरूको पाप र कमजोरीले हामीहरूको आत्मिक जीवन कतिपय समयमा खाल्डोमा पारेको महसुस गर्दछौं। त्यसकारण ती नैराश्यमय समस्याहरूको बीचमा ती सबै कमी कमजोरीहरू परमेश्वरलाई थाहा छ भन्ने थाहा पाएर उहाँमा आशापूर्ण जीवन बिताउन सक्छौं र सक्नुपर्दछ। र हामी जस्तै मानिसहरूको निम्ति येशू ख्रीष्ट आउनुभएको थियो।

जब तपाईं आत्मिक रूपमा निराशमा पर्नुहुन्छ बाइबलका कुन् कुन् प्रतिज्ञाहरूलाई तपाईंले दावी गर्न सक्नुहुन्छ?

## ५. राजा दाउदको पुत्रको जन्म जो परमेश्वरको पुत्र थिए (मत्ती २:१-१४)

मत्ती १ र २को बीचको कुनै रातमा येशूको जन्म भएको थियो। निश्चय नै डिसेम्बर २५ तारिखको दिन थिएन। मन्दिरमा गरिने पुजारी जकरियाको सेवाकार्यको समयको आधारमा र इस्राएलको मौसम अनुसार बसन्त ऋतु अर्थात् सेप्टेम्बर वा अक्टोबरमा येशूको जन्म भएको हुनुपर्छ भनेर बाइबलका विद्वानहरूले आफ्ना धारणा राखेका छन्। त्यसबेला गोठालाहरूले रातको समयसम्म भेंडाहरू बाहिर चराउन राख्दथे।

यो पनि अचम्म मान्नुपर्छ कि येशू मसीहलाई खोज्न र उहाँको उपासना गर्नेहरूमा सबभन्दा पहिले गैर-यहूदी अर्थात् यहूदी जातका नभएर अन्य जातिका मानिसहरू थिए। प्रायजसो येशूका आफ्नै यहूदी जातका मानिसहरूले (जसमा शङ्का गर्ने आधा मन वा जातका यहूदी राजा हेरोद पनि थिए) कस्तो खालका मसीहको अपेक्षा गर्नुपर्छ भनेर जानेका भएतापनि पूर्वी देशका यात्रुहरूका खुला दिमाग र खुला हृदय भएकोले तिनीहरूले येशूको पहिचान गर्न सकेका थिए। ती ज्ञानी मानिसहरू आदरणीय चिन्तक तथा धर्मशास्त्रका विद्वानहरू थिए। तिनीहरू पर्सिया वा आधुनिक इरानबाट आएका थिए। तिनीहरूले आफ्नो जीवन सत्यको

**खोजीमा समर्पण गरेका थिए। त्यसैले गर्दा तिनीहरूले आफूहरूलाई त्यस्तो वातावरणमा मिलाइदिए जसमा तिनीहरूले येशूलाई आफै "सत्य"को पुजा गर्न पाएका थिए। सयौं वर्ष पहिले यर्मियाले लेखेका ज्ञानी मानिसहरूको चाहनालाई परमेश्वरमेश्वर आफैले यसरी व्यक्त गर्नुभएको थियो "जब तिमीहरूले तिमीहरूको भित्री हृदयदेखि मलाई खोज्छौं भने तिमीहरूले मलाई पाउनेछौ।" (यर्मिया २९:१३ रूपान्तरित)।**

ती ज्ञानी मानिसहरू र राजा हेरोदको बीचमा भएको नियतमा के भिन्नता थियो? हेर्नुहोस् मत्ती २:१-१४ "१ हेरोद राजाको समयमा यहूदियाको बेथलेहेममा जब येशूको जन्म भयो, पूर्वका ज्योतिषीहरू यरूशलेममा आइपुगे र तिनीहरूले भने, २ "यहूदीहरूका राजा भई जन्मने कहाँ हुनुहुन्छ? किनभने हामीले उहाँको तारा पूर्वमा देख्यौं र उहाँलाई दण्डवत् गर्न आएका छौं।" ३ जब हेरोद राजाले यो सुने, तिनी बेचैन भए, र तिनीसँग सारा यरूशलेम पनि बेचैन भयो। ४ अनि तिनले सबै मुख्य पूजाहारीहरू र जनताका शास्त्रीहरूलाई भेला गरे, र "ख्रीष्टको जन्म कहाँ हुने हो?" भनी सोधपूछ गरे। ५ तिनीहरूले तिनलाई भने, "यहूदियाको बेथलेहेममा। किनभने अगमवक्ताले लेखेका छन्ः ६ 'ए बेथलेहेम, यहूदा मुलुकको गाउँ, तिमी कुनै किसिमले यहूदाका शासकहरूका बीचमा कुनैभन्दा पनि तुच्छ छैनौ, किनकि तिमीबाट एउटा शासक निस्किआउनेछन्, जसले मेरा मानिस, इस्राएलको हेरचाह गर्नेछन्'।" ७ तब हेरोदले ती ज्योतिषीहरूलाई गुप्तमा बोलाएर तारा कुन समय देखा परेको हो, सो तिनीहरूबाट पत्ता लगाए। ८ तिनले तिनीहरूलाई यसो भनेर बेथलेहेममा पठाए, "जाओ, र ठीकसँग त्यस बालकको खोजी गर। तिनलाई भेट्टाएपछि मलाई खबर गर, र म पनि तिनलाई दण्डवत् गर्नेछु।" ९ तब राजाको कुरा सुनेर तिनीहरू आफ्ना बाटो लागे। जुन तारा तिनीहरूले पूर्वमा देखेथे, त्यो तारा तिनीहरूका अगि-अगि गयो, र बालक भएको ठाउँमा पुगेपछि त्यो तारा त्यहीं अड़ियो। १० जब तिनीहरूले त्यो तारा देखे, तब तिनीहरू अति आनन्दित भएर रमाए। ११ अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे। तब आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढ़ाए। १२ अनि हेरोदकहाँ फर्की नजानू भन्ने सपनामा चेताउनि पाएर तिनीहरू अर्कै बाटो भएर आफ्नो देशमा फर्के।

१३ तिनीहरू गएपछि, परमप्रभुका एउटा दूत सपनामा योसेफकहाँ देखा परे र तिनले यसो भने, "उठ, साना बालक र उहाँकी आमालाई साथ लिई मिश्रदेशमा भागिहाल, र तिमीलाई मैले नभनेसम्म त्यहीँ बस। किनकि, हेरोदले बालकलाई मार्न उहाँको खोजी गर्न लागेको छ।" १४ अनि तिनी उठेर साना बालक र उहाँकी आमालाई साथमा लिई मिश्रदेशमा राती नै गइहाले।"

**ती म्लेच्छ कहालिएका गैर-यहूदी अर्थात् मुर्तिपुजक ज्ञानीमानिसहरूले येशूको सामु घुँडा टेकेर उहाँको उपासना गरे। तर यहूदी राष्ट्रका राजा हेरोदले येशूलाई मार्न निधो गरेका थिए।**

**उपरोक्त घट्ना यस्तो प्रभावकारी र खतरा छ कि कोही मानिस उच्च पदमा भयो भन्दैमा वा चर्चको सदस्य भयो भन्दैमा उसको सम्बन्ध वा मिलोमत्तो परमेश्वरसँग हुन्छ भन्ने ग्यारेन्टी छैन भनेर हामीलाई भन्छ। सत्यलाई सही ढङ्गले बुझ्नुपर्छ भन्ने सत्यको गरिमालाई पनि हामीलाई याद दिलाउँछ। यदि राजा हेरोद र यहूदी पण्डितहरूले बाइबलका भविष्यवाणीहरू ठीकसँग बुझेको भए येशू राजा हेरोदको खिलाफमा जन्मनुभएको होइन भनेर बुझ्ने थिए। "यहूदीहरूका राजा"सँग कोही डराउने वा चिन्ता गर्नुपर्ने व्यक्ति होइन भनेर उनले बुझ्ने थिए। आफ्नो राजनैतिक शक्तिको बारेमा चिन्ता गर्नुपर्ने आवश्यक छैन भनेर तिनले बुझ्न सक्दथे।**

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीमा भएका अनेकन् ज्ञानहरूको आशिष भयो भन्दैमा हामी पनि परमेश्वरसँग ठीक सम्बन्धमा छौं भनेर घमण्ड गर्नुबाट हामी कसरी जोगिने? फेरि त्यसैवखत ती ज्ञानहरू हामीमा हुँदा परमेश्वरसँग गाढा सम्बन्ध राखेर हिंड्न तिनीहरूले हामीलाई कसरी सहयोग गर्न सक्छन् सोच्नुहोस्।

## उपसंहारः

एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनालाई सोच्नुहोस्: **"प्रत्येक पापी येशूकहाँ आउन सक्दछ। 'येशूले हामीलाई उद्धार गर्नुहुन्छ। हामीले कुनै (धर्मकर्म वा परम्परा पालन गरेकोले वा ) असल काम गरेको कारणले हामीले मुक्ति पाउने होइन। उहाँको सदाशयता र करुणाले गर्दा हामीले मुक्ति पाउँछौं। हामीहरूको पापलाई धोएर उहाँले हामीलाई मुक्ति दिनुभएको छ।' तितस ३:५ रूपान्तरित। जब शैतानले तपाईंलाई 'ए तिमी त पापी अधर्मी छौ। परमेश्वरबाट आशिष पाउन तिमी योग्यका छैनौ।' भनेर हतोत्साह गर्न खोज्छ**

भने ख्रीष्ट पापीहरूको निम्ति नै आउनुभएको हो भने उसलाई सुनाउनुपर्छ। परमेश्वरको सामु हामी असल छौं भनेर जनाउन हामी सक्षम् छैन। तर परमेश्वरको अगाडि हामी निरिह वा असहाय छौं भनेर स्वीकार गर्न सक्छौं। पापसँग भिड्न असमर्थ भएकै कारणले येशूको उद्धार गर्ने शक्ति हाम्रो निम्ति आवश्यक भएको थियो।"-द डिजाएर अभ एजेज्, पृ. ३१७बाट रूपान्तरित। "हामीहरूको अत्यन्त असहाय अवस्थाले गर्दा नै ख्रीष्ट हामीहरूको मुक्तिदाता बन्नुहुन्छ" भन्ने अभिव्यक्ति अत्यन्त प्रभावकारी छ। चाहे हामी उहाँकहाँ पहिलो चौटी आयौं वा हामीहरू जीवनभरी उहाँसँग हिँडिरह्यौं उक्त आत्मज्ञानको निरन्तरता हरदम जारी रहन्छ। येशूका पूर्खाको इतिहासमा भएका पूर्खौलीहरू जस्तै हामी पनि पापी हौं जसलाई अनुग्रहको आवश्यकता छ।

परमेश्वरको व्यवस्थाको पालन गरेर अनुशासित रूपमा चल्न, पाप र प्रलोभनलाई जित्दै जाने हामीहरूको प्रतिवद्धता र येशूमा बढ्दै जाने हामीहरूको अग्रसरता हामीले मुक्ति पाएको कारणले नै हो। त्यो मुक्ति बिना हामी आत्मिक जगतमा बढ्न सक्दैनौं। चाहे हामी क्रुसमा टाँगिएको आतङ्ककारी अपराधी चोर जस्तो किन नहोऔं वा येशूको दोस्रो आगमनमा सिधै स्वर्ग जाने जीवित सन्त किन नहोऔं। हामी सबै असहाय वा नीरिह छौं र हामी सबैला येशूको मुक्ति दिने शक्तिको आवश्यक छ। आत्मज्ञानको यो सत्य आधारशीलालाई हामीले कहिलै पनि बिर्सनुहुन्न भन्ने कुरो अत्यन्त जरुरी छ।

**चिन्तनमननः**

**अ.** यहूदी धर्ममा पोख्त भएतापनि हेरोद राजामा भविष्यवाणीसम्बन्धि गलत धारणाहरू भएकाले उनले जघन्य तथा अमानविय व्यवहार गर्न पुगेको हामीले हेर्‍यौं। आज पनि भविष्यवाणी सम्बन्धी गलत धारणाहरू छन् त्यसको बारेमा सोच्नुहोस्। धेरै विश्वासीहरूले आफ्ना परिवारलाई छोडेर स्वर्गमा अलप भएर जान्छन् भन्ने धारणा कतिपय इसाईहरूमा प्रचलित छ। भविष्यवाणीलाई नबुझेर यस्ता गलत सोचाइ कतिको खतरामूलक हुन सक्छन्। कतिले त यो पनि भन्छन् कि संसारको इतिहासको अन्त हुनुभन्दा अघि येरुशलेम मन्दिरको निर्माण हुनु आवश्यक छ र बलिप्रथाको थालनी गर्नु आवश्यक छ भनेर पनि सिकाइएको पाइन्छ। अरू के के यस्ता

भविष्यवाणीहरू छन् जसलाई हामीले सही रूपमा नबुझ्दा गलत बाटोमा हामी हिँड्न सक्दछौं?

आ. कतिपय जाति, समाज, वंश, प्रतिष्ठा वा संस्कारमा हामी जन्मन्छौं त्यो अत्यन्त महत्त्वपूर्ण मानिएको हुन्छ। यो परम्परा सबै समाजमा जतातत्तै इतिहासभरी भएको पाइन्छ। त्यो पारिवारिक गौरबता अहिलेसम्म कायमै छ। तर त्यस संसारिक धारणसँग सुसमाचारको कुरा किन मेल खान्दैन? फेरि येशूमा पुनर्जीवन वा नयाँ गरि जन्मनुको अर्थ हामी जुनसुकै घरानामा जन्मे पनि त्यसको सरोकार छैन भन्ने सत्यार्थलाई हामीले कसरी लिने?